# स्थानीय राजपत्र

भाग-१ खण्ड ६ संख्या २

**बडिगाड गाउँपालिका**

# विनियोजन ऐन २०८०

# बडिगाड गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ६ संख्या २


**भाग–१**

# विनियोजन ऐन २०८०

## बडिगाड गाउँपालिकाको विनियोजन ऐन , २०८०

बाडिगाड गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा ब्यबस्था गर्न बनेको ऐन।

**प्रस्तावनाः** बडिगाड गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनिय भएकोले , नेपालिको संबिधानको धारा २२९को उप धारा (२) बमोजिम बाडिगाड गाउँ सभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “बाडिगाड गाउँपालिकाको विनियोजन ऐन, २०८०” रहेको छ।

(२) यो ऐन २०८० श्रावण १ गते देखि  प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्न अधिकारः** आर्थिक वर्ष २०८०/०८१ को निमित्त बडिगाड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पुँजिगत खर्च र वित्तीय ब्यबस्थाको रकम समेत गरी रु. ६७१९६४०००/- ( अक्षेरूपी सरसठ्ठी करोड उन्नाईस लाख चौसठ्ठी हजार रुपैयाँ मात्र) मा नबाढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः** (१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त बडिगाड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कर्यहरुको निमित्त विनियोजन गरीनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बाचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिसतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुँजिगत खर्च र वित्तीय ब्यबस्था तर्फ बिनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय ब्यबस्था

अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पुँजिगत खर्च र वित्तीय ब्यबस्थाको खर्च ब्यहोर्न एक श्रोतबाट आर्को श्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफ (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिसत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि १

(दफा २ सँग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९(२) बमोजिम संचित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पुंजिगत खर्च | सशर्त कार्यक्रम | | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | चालु | पुंजिगत | | |
| १ | | गाउँपालिका | १३४५३८००० | १५०५२६००० | ३४४५००००० | ४२४००००० | - | ६७१९६४००० |
| २ | | वडा समिति | - | - | | - | - | ० |

आज्ञाले

चेतनारायण भण्डारी

प्रमुख प्रशासकीय अधिकृत